Intercession I

# अन्तरबिन्ती (मध्यस्थ)
## भाग १

### परिचय

अन्तरबिन्ती थोरै, सिपालु व्यक्तिहरूलाई विशेष वरदानको रूपमा दिइएको भन्ने कुरा के तपाईं विश्वास गर्नुहुन्छ? वाइबलले यसरी सिकाउँदैन । परमेश्वर हामी सबैलाई अन्तरबिन्ती गर्नेहरू भएको चाहनुहुन्छ भन्ने कुरा बाइबलले बताउँदछ ।

अन्तरबिन्ती साधारणत एक प्रकारको प्रार्थना हो । साधारण किसिमले हेर्ने हो भने यो सबैको लागि प्रार्थना गर्नु हो । यसको गहिराइमा हेर्दा संसारको निम्ति परमेश्वरको हृदय बाड्ने र उहाँको इच्छाहरूलाई अस्तित्वमा ल्याउनलाई उहाँसित सहयोगी हुनु हो ।

यस अध्ययनमा अन्तरबिन्ती भित्रका केही रहस्य निकालेर परमेश्वर हामीलाई कसरी कस्तो किसिमको अन्तर बिन्ती गर्ने व्यक्तिहरू भएको चाहनुहुन्छ भन्नेबारे हेर्नेछौं ।

### हाम्रो अध्ययन

धेरैजसो इसाईहरूलाई अन्तरबिन्ती स्वाभाविक तवरले आउने गर्दछ । यदि तपाईंले एक बिरामी बच्चाको निम्ति, तपाईंको श्रीमानको नोकरीको स्थितिबारे अथवा एक साथीको आर्थिक समस्याहरूबारे कहीले प्र्राथना गर्नुभएको छ भने तपाईंले अन्तरबिन्ती गरिसक्नुभएको छ । विशेष गरेर हाम्रो दुःखको समयमा हाम्रो निम्ति अरूहरूले अन्तरबिन्ती गरिदिएको हामी चाहन्छौं र यसको आवश्यकता पनि पर्दछ ।

बाइबल अन्तरबिन्तीको परामर्शले भरिएको छ । साधारणत यसलाई अन्तरबिन्ती भनिँदैन । धेरै पल्ट यसलाई प्रार्थनामात्र भनिन्छ ।

**धर्मशास्त्रः कलस्सी ४:२ "सतर्क भएर धन्यवादसहित स्थिर भई प्रार्थनामा लागिरहो । "**

१. प्रेरित पावलले हामीलाई के गर्नु भनेको छ ?

..................................................................

यो एक कडा वाक्यांश हो । हामीहरूमध्ये धेरै प्रभुको निम्ति ज्यादै व्यस्त छौं, असल कामहरू गर्ने इत्यादि, तर यो पदमा पावलले हामीहरू प्रार्थनामा भक्तिसाथ लागिरहनुपर्ने बारे बताउँदछन् । १ थेसलोनिकी ५:१७ ले हामीलाई प्रार्थनामा निरन्तर लागिरहनुपर्ने कुरामा अझ जोड दिन्छ ।

प्रेरित पावलले सन्तहरूलाई उनको निम्ति अन्तर बिन्ती गर्न बारम्बार भनेका छन् ।

धर्मशास्त्र कलस्सी ४:३-४ "हाम्रा निम्ति पनि प्रार्थना गर ताकि ख्रीष्टको त्यो रहस्य प्रचार गर्नलाई परमेश्वरले हामीलाई वचनको निम्ति एउटा ढोका खोलिदिउन्, जसको निम्ति म थुनामा परेको छु र मैले बोल्नुपर्ने वचन खुलस्त पार्न सकूँ ।"

२. पावलले कलस्सीका मण्डलीलाई केको निम्ति प्रार्थना अन्तरबिन्ती गर्नलाई भने ?

..................................................................

**धर्मशास्त्रः हिब्रू १३:१९ "तिमीहरूलाई मेरो विशेष आग्रह यो छ कि, मेरो निम्ति प्रार्थना गरिदेओ, र म फेरि तिमीहरूकहाँ चाँडै आउन सकूँ ।"**

३: हिब्रू मण्डलीलाई उनले केको निम्ति अन्तरबिन्ती गर्नलाई आग्रह गरे ?

..................................................................

पावलले इसाईहरूलाई सबै उच्च पदमा भएकाहरूका निम्ति अन्तरबिन्ती गर्न आग्रह गरे ।

**धर्मशास्त्रः १ तिमोथी २:१-२ "सर्वप्रथम म आग्रह गर्दछु कि सबै मानिसहरूका निम्ति नम्र-निवेदन, प्रार्थना र मध्यस्थ-बिन्ती (अन्तरबिन्ती) र धन्यवाद चडाइउन्, राजाहरू र सबै उच्च पदमा भएकाहरूका निम्ति पनि ताकि हामी निर्धक्क र शान्तिपूर्ण भएर हरप्रकारले धार्मिक र आदरणीय जीवन बिताउन सकौं ।"**

४: पावल किन सबै उच्च पदमा भएका शाषकहरूका निम्ति हामीले प्रार्थना गरेको चाहन्छन् ?

..................................................................

सुरुको मण्डली अन्तरबिन्ती गर्ने मण्डली थियो। प्रेरित १२ अध्यायमा पत्रुस झ्यालखानामा हुँदा उनको जीवनमा घटेका वृत्तान्त हामी हेर्न सक्छौं ।

**धर्मशास्त्रः प्रेरित १२:१२ "...त्यहाँ धैरैजना जम्मा भएर प्रार्थना गरिरहेका थिएः ।"**

५. मानिसहरूले के गरिरहेका थिएः ?

.................................................................

प्रभुले पत्रुसलाई अचम्म किसिमले छुटकारा दिनुभयो र उनी साथीहरूले प्रार्थना गरिरहेको घरमा गए । जब काम गर्ने केटीले पत्रुस ढोकामा आइपुगेको कुरा बताइन्, उनीहरूले त्यस केटीलाई विश्वास गरेनन् । अन्तमा परमेश्वरले उनीहरूको प्रार्थना सुन्नुभएको कुरा उनीहरूले थाहा पाएः । उनीहरू आनन्दित भए ।

**धर्मशास्त्रः प्रेरित १३:२-३- "तिनीहरूले (एन्टिओखियामा भएका मण्डलीले) प्रभुको आराधना गरिरहेका र उपवास बसिरहेका बेला पवित्र आत्माले भन्नुभयो, 'मेरो निम्ति बारनाबास शाऊललाई त्यस कामको लागि अलग्ग गर, जुन कामको निम्ति मैले तिनीहरूलाई बोलाएको छु । तब उपवास र प्रार्थना गरेर तिनीहरूले उनीहरूमथि आफ्ना हात राखेर उनीहरूलाई बिदा दिएः ।"**

६. मण्डलीले के गरिरहेको थियो ?

.................................................................

७. परिणाम के भयो ?

.................................................................

येशू र पवित्र आत्मा हाम्रो निम्ति नमूना हुनुहुन्छ ।

यदि हामीहरूलाई परमेश्वरले अन्तरबिन्ती गर्नेहरू भएको चाहनुहुन्छ भन्ने कुराको अझ बढी प्रमाण चाहिन्छ भने येशू र पवित्र आत्मादेखि टाढा हेर्न आवश्यक पर्दैन ।

**धर्मशास्त्र रोमी ८:३४ "..मर्ने त ख्रीष्ट येशू हुनुहुन्छ, जो मरेकाहरूबाट जीवित पारिनुभयो र परमेश्वरको दाहिने बाहुलीतर्फ हुनुहुन्छ र हाम्रा निम्ति मध्यस्थ पनि गर्नुहुन्छ ।"**

८. ख्रीष्टले के गरिरहनुभएको छ ?

.................................................................

९. उहाँले कहाँ रहेर अन्तरबिन्ती गरिरहनुभएको छ ?

.................................................................

**धर्मशास्त्रः हिब्रू ७:२५ "..उहाँ(येशू) द्धारा परमेश्वरको नजिक आउनेहरूलाई उहाँले सदैव उद्धार गर्न सक्नुहुन्छ किनभने तिनीहरूका निम्ति मध्यस्थकर्ताको प्रार्थना चढाउन उहाँ (येशू) सदैव जीवित रहनुहुन्छ ।"**

१०. यस पदले हामीहरूलाई येशूको बारेमा के बताउँछ ?

.................................................................

**धर्मशास्त्रः रोमी ८:२६-२७ "त्यसैगरी पवित्र आत्माले पनि हाम्रो दुर्बलतामा सहायता गर्नुहुन्छ । कसरी प्रार्थना गर्नुपर्ने हो हामी जान्दैनौ, तर शब्दहरूमा व्यक्त गर्न नसकिने सुस्केरामा पवित्र आत्माले हाम्रा निम्ति मध्यस्थता गर्नुहुन्छ र मानिसहरूका हृदयका खोजी गर्नुहुनेले पवित्र आत्माको विचार के हो जान्नुहुन्छ किनकी परमेश्वरको इच्छाअनुसार पवित्र आत्माले सन्तहरूका निम्ति मध्यस्थता गर्नुहुन्छ ।"**

यी पदहरूले हामीलाई पवित्र आत्माले अन्तरबिन्ती (मध्यस्थता) गर्नुहुने बारेमा केही महत्वपूर्ण कुराहरू बताउँछन् ।

११. उनीहरूको त्यस्तो विशेषता के छ ?

.................................................................

त्यसबारे केही समय सोचौं । पवित्र आत्माले हाम्रो निम्ति अन्तरबिन्ती मात्र गर्नुहुन्न, तर उहाँले परमेश्वरको मन बुझ्नुहुन्छ र उहाँ एकदमै ठीक प्रकारको प्रार्थना पनि गर्न सक्नुहुन्छ -त्यस्तो प्रार्थना जो त्यही समयको निम्ति आवश्यक छ ।

उनीहरूको निम्ति अन्तरबिन्ती गर्नु गजबको कुरा भएजस्तै हामीले अन्तरबिन्ती गर्न चाहने अझ मुख्य कारण परमेश्वरसँग छ । जुन कुरा हामीले परिचयमा भन्यौं "यो संसारको निम्ति परमेश्वरको हृदय बाड्ने र उहाँको इच्छाहरूलाई अस्तित्वमा ल्याउनलाई उहाँसँग सहायोगी हुनु हो ।"

## अन्तरबिन्ती आत्मिक युद्धको भाग हो ।

धर्मशास्त्रः एफिसी ६:१२-१३ "..हामीहरूको युद्ध शरीर र रगतको विरुद्ध होइन, तर प्रधानताहरूका विरुद्ध, शक्तिहरूका विरुद्ध, वर्तमान अन्धकार र सांसारिक शासकहरूका विरुद्ध र स्वर्गीय स्थानहरूमा भएका दुष्ट्याइँका आत्मिक सेनाहरूका

विरुद्ध हो । यसैकारण परमेश्वरका सारा हातहतियार उठाओ र यसरी खराब दिनको सामना गर्न सक र सबै काम गरेर खडा हुन सक्ने होओ ।"

१२. हामीहरूको युद्ध कसको विरुद्धमा हो ?

..................................................................

१३. हामीले के गर्नुपर्छ ?

..................................................................

धर्मशास्त्र: एफिसी ६:१८ "सारा प्रार्थना र निवेदनसाथ सब समय पवित्र आत्मामा प्रार्थना गर..।"

१४. हामीहरूले कसरी प्रार्थना गर्नुपर्छ ?

..................................................................

पुरानो करारमा बिषेशत: अन्तरबिन्तीलाइ विभिन्न नामहरू दिइएको छ । तिनलाई पून:अवलोकन गरेपछि हामीहरूले अन्तरबिन्ती गर्दा के गर्दछौं भन्ने कुरा अझ राम्ररी वझ्न सक्छौं ।

**धर्मशास्त्र: यशैया ६२:६-७ "मैले तेरा पर्खालहरूमा पहरा बस्नेहरू राखेको छु, ए: यरुशलेम ! तिनीहरू न त दिनमा न रातमा चुपचाप बस्नेछन् । हे परमप्रभुलाई पुर्काने हो, विश्राम नलेओ र जबसम्म उहाँले यरुशलेमलाई स्थापित गरेर त्यसको महिमा पृथ्वीभरि फिजाउनुहुन्न, तबसम्म उहाँलाई विश्राम गर्न नदेओ । "**

१५. प्रभुले के 'गरिदिएको छु' भनी भन्नुभएको छ ?

..................................................................

१६. पहरा बस्नेहरूले के गर्दछन् ?

..................................................................

**धर्मशास्त्र: यशैया ५९:१६ (अग्रेंजी एम्प्लिफाइड बाइबलबाट) "कोही रहेनछ भनी उहाँले देख्नुभयो र केही मध्यस्थ पनि नभएकोले अचम्म मान्नुभयो ...।"**

१७. परमेश्वरले के देख्नुभयो ?

..................................................................

यो पदले अन्तरबिन्ती गर्ने अर्को चित्र पनि हामीलाई दिन्छ कोही जसले सत्य र ठीक कुराको मध्यस्थ गर्दछ ।

**धर्मशास्त्र: इजकिएल २२:३० "पर्खाल निर्माण गरिदिने र देश मद्वारा नष्ट नहोस् भनी देशको लागि मेरो सामुन्ने धादोमा उभिदिने एउटा मानिस तिनीहरूको बीचमा मैले हेरें, तर मैले कोही पनि पाइनँ ।"**

१८. परमेश्वर के खोज्दै हुनुहुन्छ ?

..................................................................

अन्तरबिन्ती गर्नेलाई व्याख्या गर्ने अर्को शब्द 'धादोमा उभिएको व्यक्ति' पनि हो । परमेश्वरले हाम्रा वरिपरि बनाइदिनुभएको पर्खालमा हाम्रा पापहरूले धाँदोहरू बनाउने गर्दछ । ती धाँदाहरूमा अन्तरविन्तीको साथमा उभिने काम अन्तरबिन्तीकर्ताको हो ।

हामी अगमवक्ता योएलको जीवनमा यसको एउटा उदाहरण पाउँदछौं । इस्राएललाई एउटा ठूलो सेनाले आक्रमण गरेको समय (उनीहरूको पापको निम्ति परमेश्वरले दिनुभएको सजाय), प्रभुले देशलाई पश्चाताप र अन्तरबिन्ती गर्न लगाउनु भयो ।

**धर्मशास्त्र: योएल २:१२-१७ "परमप्रभु घोषणा गर्नुहुन्छ, 'अहिले पनि तिमीहरू आफ्ना सम्पूर्ण हृदयले उपवास बसेर, रुदै र शोक गर्दै मतिर फर्क', परमप्रभुको अगि सेवा गर्ने पुजारीहरू मन्दिरको दलान र वेदीका बीचमा रोऊन्...।"**

१९. मानिसहरू र पुजारीहरूले के गर्नुपर्थ्यो ?

..................................................................

**धर्मशास्त्र: योएल २:२०, २५-२६, २८-२९ "म उत्तरतिर बाट आएको सेनालाई तिमीहरूदेखि टाढा खेदिदिनेछु, ...र तिमीहरूलाई ती वर्षहरूको भर्ना गरिदिने छु, जो ठूलो सलहले ...खाएको थियो । तिमीहरू अघाउन्जेल प्रशस्त खान पाउनेछौ र तिमीहरूका निम्ति उदेकका काम गर्नुहुने परमप्रभु तिमीहरूका परमेश्वरका नामको प्रशंसा गर्नेछौ । मेरो प्रजा फेरि कहिल्यै लज्जित हुनेछैन । ...म मेरो आत्मा सबै मानिसमाथि खन्याउनेछु । तिमीहरूका छोराछोरीहरूले अगमवाणी बोल्नेछन् । तिमीहरूका बूढा मानिसहरू स्वप्नदर्शी हुनेछन् र तिमीहरूका युवकहरूले दर्शन देख्नेछन् । ती दिनमा मेरा सेवकहरू पुरुष र स्त्री दुबैमाथि म आफ्ना आत्मा खन्याउनेछु ।"**

२०. मानिसहरू परमप्रभुतिर फर्के उहाँले के गर्ने प्रतिज्ञा गर्नु भएको थियो ?

.................................................................

उनीहरूको आज्ञाकारिता र अन्तरबिन्तीको उत्तरस्वरूप उनीहरूबाट खोसिएको सबै कुराहरू पुनस्थापना गरिदिनुहुने प्रतिज्ञा प्रभुले गर्नुभयो । सबैमाथि आत्मा खन्याउने प्रतिज्ञा पनि उहाँले गर्नुभयो ।

यस प्रतिज्ञाको अन्तिम भाग पेन्तिकोसको दिन पूरा भएको थियो ।

धैरै मानिसहरू आफूले अन्तरबिन्ती गर्न नजान्ने बाहाना गर्दै प्रार्थनाको जीवनमा पछि पर्छन् । यस अध्ययनको दोस्रो भागमा हामी तपाईंहरूलाई बाइबलले हामीलाई प्रार्थनाको योद्वा र अन्तरबिन्ती गर्नेहरू बनाउनलाई दिने अर्न्तदृष्टि र औजारबारे बताउनेछौं ।

**उत्तरहरू**

१. सतर्क भएर भक्तिसाथ धन्यवाद दिँदै प्रार्थनामा लागिरहो,
२. परमेश्वरले उहाँको वचनको निम्ति ढोका खोलिदिनुभएको होस् र वचन स्पस्टसँग प्रचार गर्न सकेका हुन्,
३. उनी फेरि तिनीहरूकहाँ फर्कन सकेका हुन्,
४. ताकि हामी निर्धक्क र शान्तिपूर्ण भएर हरप्रकारले धार्मिक र आदरणीय जीवन बिताउन सकौं,
५. प्रार्थना गरिरहेको,
६. प्रभुको आरधना, उपवास र प्रार्थना,
७. पवित्र आत्माले उनीहरूलाई निर्दशन दिनुभयो,
८. हाम्रो निम्ति अन्तरबिन्ती (मध्यस्थ) गरिरहनुभएको छ,
९. परमेश्वरको दाहिने बाहुलीतर्फ,
१०. उहाँहरूद्धारा परमेश्वरकहाँ आउनेहरूका निम्ति मध्यस्थताको प्रार्थना चढाउन उहाँ सदैव जीवित हुनुहुन्छ,
११. तिनीहरूले परमेश्वरको इच्छाअनुसार प्रार्थना गरे,
१२. स्वर्गीय स्थानहरूमा भएका दुष्ट्याइँका आत्मिक सेनाहरूका विरुद्व,
१३. परमेश्वरका सारा हातहतियार धारण गर्नुपर्छ,
१४. सारा प्रार्थना र निवेदनसाथ सब समय पवित्र आत्मामा भएर,
१५. पर्खालहरूमा पहरा बस्नेहरू राखेको छु,
१६. जबसम्म उनीहरूको अन्तरबिन्तीको उत्तर आउँदैन, उनीहरू न त दिनमा न रातमा चूपचाप बस्नेछन्,
१७. सत्य र ठीक कुराको मध्यस्थ गर्ने कोही नभएकाले,
१८. पर्खाल निर्माण गरिदिने र देश नष्ट नहोस् भनी देशको लागि धाँदोमा उभिदिने कसैलाई,
१९. सारा हृदयले उपवास बसेर रुँदै र शोक गर्दै उनीहरू परमेश्वरतर्फ फर्कनुपर्थ्यो,
२०. सेनाहरूलाई टाढा भगाइदिने ... उनीहरूसँग खानलाइ प्रशस्त हुनेथियो । उनीहरू फेरि कहिले लज्जित हुने थिएनन् । परमेश्वरले उहाँको आत्मा सबै मानिसहरूमाथि खन्याउनुहुनेथियो ।

यस प्रकाशनका सम्पूर्ण धर्मशास्त्रीय वचन पवित्र बाइबलबाट निकालिएको हो ।

All rights reserved.
Translated & Printed by: Aglow International-Nepal
c/o P.O. Box 3358, Kathmandu, Nepal